काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ५७ ❐ शुक्रवार, ११ मंसिर, २०८३ ❐ Friday, 27 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

चार महिनामा १२ वटा आयोजना मात्र ठेक्का प्रक्रियामा, पाँच सयभन्दा बढी अझै अलपत्र

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १० मंसिर

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षका विकास आयोजनाको कार्यान्वयन गति बढाउन सकेको छैन । आर्थिक वर्ष सुरु भएको चार महिना बितिसक्दा पनि प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले अधिकांश आयोजनालाई ठेक्का प्रक्रियामै लैजान सकेको छैन । जसका कारण विकास निर्माणका काम प्रभावित हुनुका साथै पुँजीगत खर्चसमेत निराशाजनक देखिएको छ ।

मन्त्रालयको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा कार्यान्वयन गर्नुपर्ने नयाँ तथा स्रोत सहमति लिएर ठेक्का लगाउनुपर्ने गरी कुल पाँच सय २८ वटा आयोजना छन् । तर, हालसम्म १२ वटा आयोजना मात्रै ठेक्का प्रक्रियामा प्रवेश गरेका छन् । यो कुल आयोजनाको करिब २.३ प्रतिशत मात्रै हो । अझ स्रोत सहमति लिएर कार्यान्वयन गर्नुपर्ने एउटा पनि आयोजना अघि बढ्न सकेको छैन ।

मन्त्रालयअन्तर्गत यस वर्ष चार सय २२ वटा नयाँ आयोजना कार्यान्वयन गर्नुपर्ने छन् । त्यस्तै, स्रोत सहमति लिएर ठेक्का लगाउनुपर्ने एक सय आठ वटा आयोजना छन् । नयाँ आयोजनामध्ये तीन सय ८५ वटा सडक निर्माणसँग सम्बन्धित छन् । यसबाहेक दुई वटा मोटरेबल पुल, तीन वटा झोलुङ्गे पुल, सरकारी भवन, आवास तथा सामुदायिक भवनतर्फ १४ वटा र सडक तथा अन्य पूर्वाधारको नियमित एवं आकस्मिक मर्मततर्फ १८ वटा आयोजना रहेका छन् ।



तर, यी योजनाको कार्यान्वयन प्रक्रिया अपेक्षित गतिमा अघि बढ्न सकेको छैन । हालसम्म ठेक्का प्रक्रियामा गएका १२ आयोजनामध्ये सडक निर्माणतर्फ आठ र मर्मत तथा सरकारी भवनतर्फ चार वटा छन् ।

जिल्लागत विवरण हेर्दा विकास आयोजनाको कार्यान्वयन अवस्था झनै कमजोर देखिन्छ । नयाँ कार्यान्वयनमा लैजानुपर्ने आयोजनामध्ये सुर्खेतमा ८३, दैलेखमा ५६, सल्यानमा २७, कालिकोटमा ३६, मुगुमा १८, डोल्पामा ६४ र जुम्लामा २८ वटा छन् । यस्तै, रुकुम पश्चिममा ३२, जाजरकोटमा ५४ र हुम्लामा २४ वटा आयोजना छन् ।

यीमध्ये कालिकोटमा नौ, सुर्खेतमा दुई र हुम्लामा एउटा मात्रै आयोजना ठेक्का प्रक्रियामा गएको छ । बाँकी सात जिल्लामा एउटा पनि आयोजना ठेक्का प्रक्रियामा प्रवेश गर्न सकेका छैनन् । यसले जिल्लास्थित पूर्वाधार विकास कार्यालयहरूको कार्यसम्पादनमाथि समेत प्रश्न उठाएको छ ।

मन्त्रालयका प्रवक्ता प्रेमबहादुर ओलीले विद्युतीय खरिद प्रणाली (ई-बिडिङ) का कारण ठेक्का प्रक्रिया प्रभावित भएको बताए । उनका अनुसार कतिपय कार्यालयले ठेक्का प्रक्रियामा लैजान आवश्यक तयारी पूरा गरे पनि प्रणालीगत समस्याले काम अघि बढ्न सकेको छैन । अबको १५ देखि २० दिनभित्र दुई सयदेखि दुई सय ५० वटासम्म ठेक्का खुल्ने उनको दाबी छ ।

भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मिलन खड्का रोकाले पनि ई-बिडिङ प्रणालीकै कारण ढिलाइ भएको बताइन् । योजनाबाट प्रतिफल देखिने गरी काम गर्ने तयारी गर्दा केही समय लागेको उनको भनाइ छ ।

यद्यपि, प्रदेश सरकारले आर्फैंले तय गरेको कार्यतालिकासमेत पालना गर्न सकेको देखिँदैन । सरकारले यसअघि असोज मसान्तभित्र र पछिल्लो पटक कात्तिक मसान्तसम्म चालु आर्थिक वर्षका सबै आयोजना कार्यान्वयन प्रक्रिया सुरु गरिसक्ने नीति लिएको थियो । मुख्यमन्त्री र मन्त्रीबीच तथा मन्त्री र कर्मचारीबीच भएका कार्यसम्पादन करार सम्झौतामा समेत आयोजना कार्यान्वयनलाई प्राथमिकता दिइएको छ । तर, व्यवहारमा भने ती प्रतिबद्धता कार्यान्वयन हुन सकेका छैनन् ।

आयोजना कार्यान्वयनमा देखिएको सुस्तताको असर बजेट खर्चमा पनि परेको छ । प्रदेशको कुल ३५ अर्ब ३९ करोड रुपैयाँ बजेटमध्ये सबैभन्दा ठूलो हिस्सा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयसँग छ । मन्त्रालयका लागि चालु आर्थिक वर्षमा १० अर्ब ९३ करोड २१ लाख रुपैयाँ विनियोजन गरिएको छ । त्यसमध्ये विकास बजेट मात्रै १० अर्ब ५९ करोड रुपैयाँ छ ।

तर, कात्तिक मसान्तसम्म मन्त्रालयले कुल बजेटको ६.८८ प्रतिशत मात्रै खर्च गरेको छ । विकास बजेटतर्फको खर्च झनै कमजोर छ । विनियोजित विकास बजेटमध्ये ६.४४ प्रतिशत अर्थात् ६८ करोड २१ लाख रुपैयाँ मात्रै खर्च भएको छ । असोज मसान्तसम्म विकास बजेट खर्च ६० करोड ७७ लाख रुपैयाँ थियो । एक महिनाको अवधिमा विकास खर्चमा भएको वृद्धि पनि अपेक्षाकृत देखिँदैन । यता चालुतर्फ भने २०.६१ प्रतिशत बजेट खर्च भइसकेको छ ।

गत आर्थिक वर्षको तुलनामा यस वर्षको कार्यसम्पादन अझ कमजोर देखिएको छ । गत वर्ष पाँच सय १२ वटा नयाँ आयोजना छनोट गरिएकामा कात्तिक मसान्तसम्म दुई सय ४५ वटा आयोजनाको ठेक्का लागिसकेको थियो । तर, यस वर्ष सोही अवधिमा १२ वटा मात्रै आयोजना ठेक्का प्रक्रियामा पुगेका छन् ।

प्रदेश सरकारको विकास बजेटको ठूलो हिस्सा ओगट्ने मन्त्रालयमै आयोजना कार्यान्वयनको यस्तो सुस्ततालेसमग्र प्रदेशको विकास गतिमै असर पार्ने देखिन्छ । आर्थिक वर्षको सुरुवातमै ठेक्का प्रक्रिया अघि बढाउन नसक्दा पछिल्ला महिनामा कामको चाप बढ्ने, निर्माण अवधि छोटिने र आर्थिक वर्षको अन्त्यमा हतारमा खर्च गर्ने प्रवृत्ति दोहोरिने जोखिम रहन्छ । त्यसैले ई-बिडिङ प्रणालीको समस्या समाधान गर्ने बहानामा मात्रै मन्त्रालयले जिम्मेवारीबाट पन्छिन मिल्दैन । समयमै ठेक्का आह्वान, सम्झौता र निर्माण कार्य सुरु गराउनु सरकार तथा मातहतका कार्यालयको मुख्य जिम्मेवारी हो ।

नेपालमा औसत आयु ७३.५ वर्ष पुग्यो

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १० मंसिर

सन् १९९० देखि २०२३ सम्मको अवधिमा नेपालमा जन्मँदाको औसत आयु (लाइफ एक्सपेक्टेन्सी एट बर्थ) निरन्तर उकालो लाग्दै ५८.१ वर्षबाट बढेर ७३.५ वर्ष पुगेको छ ।

ग्लोबल बर्डन अफ डिजिज स्टडी २०२३ (इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसन) तथा (बेसिक हेल्थ सर्भिसेज इन नेपाल) प्रायोरिटी सेटिङ एन्ड इसेन्सियल हेल्थ इन्टरभेन्सन सम्बन्धी प्रतिवेदनअनुसार यो अवधिमा औसत आयु क्रमशः सन् १९९५ मा ६१.६, सन् २००० मा ६५.२, सन् २००५ मा ६८.१, सन् २०१० मा ७०.६, सन् २०१५ मा ७१.५ र सन् २०२० मा ७२.२ वर्ष कायम भएको देखिएको छ ।

स्वास्थ्य नतिजामा देखिएको यो निरन्तर सुधार स्वास्थ्य सेवामा भएको प्रगति, मातृ तथा शिशु स्वास्थ्यमा आएको सुधार, सङ्क्रामक रोगको घट्दो भार तथा समग्र सामाजिक-आर्थिक विकासको परिणाम भएको प्रतिवेदनमा उल्लेख छ ।

तीन दशकभन्दा लामो अवधिमा औसत आयुमा १५.४ वर्षको वृद्धि हुनुले जनस्वास्थ्य सूचक र जीवनस्तरमा सकारात्मक परिवर्तन भइरहेको सङ्केत गर्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

राष्ट्रिय ऊर्जा नीति निर्माणका लागि उच्चस्तरीय समिति गठन



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १० मंसिर

सरकारले मुलुकको ऊर्जा क्षेत्रको दीर्घकालीन विकास, दिगो व्यवस्थापन र भावी प्राथमिकता निर्धारण गर्ने उद्देश्यसहित राष्ट्रिय ऊर्जा नीति निर्माण प्रक्रिया अघि बढाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बिहीबार मन्त्रीस्तरीय निर्णय गर्दै उच्चस्तरीय समिति गठन गरेका छन् ।

जल तथा ऊर्जा आयोगका सचिवको संयोजकत्वमा गठित उक्त समितिमा ऊर्जा क्षेत्रसँग सम्बन्धित संस्थाका प्रतिनिधि तथा विज्ञहरू समेत रहेका छन् । समितिलाई आगामी २१ दिनभित्र राष्ट्रिय ऊर्जा नीतिको अवधारणासहित मस्यौदा तयार गरी सरकारसमक्ष पेस गर्ने कार्यादेश दिइएको छ।

तोकिएको समय सीमाभित्र समितिले मुलुकको ऊर्जा क्षेत्रको वर्तमान अवस्था, सम्भावना र भावी आवश्यकताको अध्ययन गरी आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीतिगत दिशा तय गर्ने अपेक्षा गरिएको छ।

विशेषगरी ऊर्जा उत्पादन, प्रसारण, वितरण, खपत तथा व्यापारलाई एकीकृत दृष्टिकोणबाट समेट्ने गरी नीतिको मस्यौदा तयार पारिने जनाइएको छ।

स्पष्ट नीति, एकीकृत दृष्टिकोण र दीर्घकालीन सोचसहित नेपालको ऊर्जा क्षेत्रलाई नयाँ दिशामा अघि बढाउने लक्ष्यसहित सरकारले नीति निर्माणको प्रक्रिया थालेको हो। नयाँ ऊर्जा नीतिमार्फत मुलुकको दीर्घकालीन ऊर्जा विकासका लागि बलियो नीतिगत आधार तयार हुने सरकारको विश्वास छ ।

१०औं राष्ट्रिय खेलकुद क्रिकेटमा कर्णालीको पहिलो जित, फुटबलमा निराशा



❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १० मंसिर

सुर्खेतमा जारी १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको बिहीबारको प्रतिस्पर्धामा कर्णाली प्रदेशले पुरुष क्रिकेटमा पहिलो जित निकाल्दा पुरुष फुटबलमा भने लिग चरणबाटै बाहिरिएको छ । यता महिला क्रिकेटमा मधेश प्रदेशले लुम्बिनीलाई पराजित गर्दै प्रतियोगिताबाट बाहिर पठाएको छ भने बागमती प्रदेश सेमिफाइनलमा प्रवेश गरेको छ ।

प्रतियोगिताअन्तर्गत पुरुष फुटबलमा गण्डकी प्रदेशले आयोजक कर्णालीलाई ५-० गोलअन्तरले पराजित गरेको छ । लगातार दोस्रो हारसँगै कर्णाली प्रतियोगिताबाट बाहिरिने पहिलो टोली बनेको छ । यसअघि उद्घाटन खेलमा कर्णाली

बाँकी पृष्ठ २

विज्ञापन कारोबार गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं,
- सञ्चार माध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं,
- सरकारी निकायले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए, विज्ञापन बोर्डमा सम्पर्क गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

शुक्रवार, ११ मंसिर, २०८३
Friday, 27 Nov 2026

सम्पादकीय

कृषि बीमामा किसानको भरोसा बढाउ

कृषि क्षेत्रलाई प्राकृतिक विपत्ति, रोगव्याधि तथा अन्य जोखिमबाट सुरक्षित राख्न सरकारले कृषि बीमाको प्रिमियममा अनुदान दिँदै आएको छ । तर, सरकारी अनुदानको व्यवस्था हुँदाहुँदै पनि बाली बीमामा किसानको सहभागिता अत्यन्त न्यून हुनु चिन्ताको विषय हो । कृषि बीमाको उद्देश्य किसानलाई सम्भावित क्षतिबाट आर्थिक सुरक्षा प्रदान गर्नु हो । तर, यसको लाभ लक्षित वर्गसम्म पुग्न नसक्नुले सरकारी नीति र कार्यान्वयनबीचको खाडल उजागर गरेको छ । सरकारी तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म पाँच वर्षमा बालीतर्फ २८ हजार ९४६ र पशुपन्छी तथा मत्स्यतर्फ ६ लाख ७५ हजार ९१८ बीमालेख जारी भएका छन् । अर्थात् पशुपन्छी तथा मत्स्य बीमाको तुलनामा बाली बीमाको पहुँच २३ गुणाभन्दा बढी कमजोर छ । अझ पछिल्ला दुई वर्षमा बाली बीमालेखको संख्या उल्लेख्य रूपमा घट्नुले यसको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ ।

कर्णाली प्रदेशको अवस्था झनै निराशाजनक छ । प्रदेशका १० जिल्लामध्ये आर्थिक वर्ष २०८२/८३ को चैतसम्म चार जिल्लामा मात्रै १६ वटा बाली बीमालेख जारी भएका छन् । जुम्ला, हुम्ला, दैलेख, मुगु, डोल्पा र सल्यानमा बाली बीमाको पहुँच नै पुगेको छैन । कृषि तथा पशुपालनमा निर्भर ठूलो जनसंख्या रहेको कर्णालीमा बीमाको यस्तो कमजोर अवस्थाले किसानलाई जोखिमको भरमा खेती गर्न बाध्य बनाएको छ । यसको एउटा प्रमुख कारण बीमा प्रणालीप्रतिको किसानको कमजोर पहुँच, पर्याप्त जानकारीको अभाव र प्रक्रियागत जटिलता हुन सक्छन् । अर्कोतर्फ, बालीमा हुने क्षतिको मूल्यांकन तथा प्रमाणीकरण कठिन हुने भएकाले बीमा कम्पनीको प्राथमिकतामा पशुपन्छी बीमा पर्ने गरेको तथ्यले पनि समस्या थप जटिल बनाएको छ । अनुदान उपलब्ध गराउँदैमा बीमा कार्यक्रम सफल हुँदैन, त्यसका लागि किसानको विश्वास जित्न सक्नुपर्छ ।

सरकारले नयाँ कार्यविधिमार्फत कृषि बीमाको अनुदान कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकारलाई दिएको छ । यो अवसरसँगै चुनौती पनि हो । अब प्रदेश सरकारले बजेट विनियोजन र कागजी कार्यक्रममै सीमित नभई किसानको खेतबारीसम्म बीमाको पहुँच विस्तार गर्नुपर्छ । स्थानीय तह, कृषि ज्ञान केन्द्र, बीमा कम्पनी र किसानबीच प्रभावकारी समन्वय आवश्यक छ । कृषि बीमा किसानका लागि सरकारी अनुदान प्राप्त गर्ने माध्यम मात्र होइन, उत्पादन र जीविकोपार्जन सुरक्षित गर्ने आधार हो । त्यसैले बीमालेखको संख्या बढाउनेभन्दा पनि वास्तविक किसानलाई सहज रूपमा बीमामा आबद्ध गराउने, क्षति हुँदा समयमै दाबी भुक्तानी गर्ने र प्रक्रियालाई पारदर्शी बनाउनेतर्फ सरकारको ध्यान जानुपर्छ । विशेषगरी कर्णालीका बीमा पहुँच नपुगेका जिल्लालाई प्राथमिकतामा राख्नुपर्छ । अन्यथा, अनुदानमा ठूलो रकम खर्च भइरहने तर जोखिमको समयमा किसान एक्लै पर्ने विडम्बना अन्त्य हुने छैन ।

स्थानीय तहमा कस्तो निर्वाचन, कस्तो शासन ?



✍ रेखी गुरुङ

नेपालमा स्थानीय तहको निर्वाचन र सरकार सञ्चालनको दुई कार्यकाल पूरा भई तेस्रो निर्वाचनको तयारी हुन लागेको छ । यस अवधिमा केही स्थानीय तहले राम्रा काम गरेका छन् तर समग्र अनुभव हेर्दा स्थानीय निर्वाचन र शासन सञ्चालनमा सुधार गर्नुपर्ने धेरै पक्ष देखिएका छन् । स्थानीय निर्वाचनमा दलीय प्रतिस्पर्धा र गुटबन्दी बढेको छ । अनावश्यक दलीयकरण बढेको छ । सामाजिक फाटो गहिरिएको छ । विकासका योजना बनाउँदा कतिपय ठाउँमा जनताको आवश्यकताभन्दा पार्टीको स्वार्थले बढी ठाउँ पाएको छ । सार्वजनिक बजेटको दुरुपयोग, कमजोर कार्यसम्पादन र जवाफदेहिताको अभाव पनि देखिएको छ ।

स्थानीय एजेन्डा र काम गर्ने क्षमता भएका उम्मेदवारलाई बलियो दलको संगठन र चुनाव चिह्न भएको कमजोर उम्मेदवारसँग प्रतिस्पर्धा गर्न कठिन हुने अवस्था छ । चुनाव जितेपछि पनि कतिपय जनप्रतिनिधि जनताभन्दा आफ्नै दल वा गुटप्रति बढी जवाफदेही हुने गरेका छन् । यी समस्या सबै स्थानीय तहमा छन् भन्ने होइन तर दुई कार्यकालको अनुभवले स्थानीय निर्वाचनको तरिका र शासन सञ्चालन दुवैमा सुधार आवश्यक देखाएको छ ।

गैरदलीय निर्वाचन : दलको झण्डाभन्दा उम्मेदवारको एजेन्डा

स्थानीय निर्वाचनमा दलको चुनाव चिह्न र संगठनभन्दा उम्मेदवारको योग्यता, इमानदारी, काम गर्ने क्षमता र स्थानीय विकासको योजनालाई महत्त्व दिनुपर्छ । त्यसका लागि गैरदलीय स्थानीय निर्वाचनको व्यवस्था आवश्यक छ । विश्वका विभिन्न लोकतान्त्रिक मुलुकमा स्थानीय निर्वाचन गैरदलीय वा दलको औपचारिक चुनाव चिह्नबिना हुने गरेका छन् । त्यसैले स्थानीय तहमा गैरदलीय निर्वाचन लोकतन्त्रविरोधी अवधारणा होइन ।

गैरदलीय निर्वाचन भन्नाले राजनीतिक दलमाथि प्रतिबन्ध लगाउने वा जनप्रतिनिधिलाई राजनीतिक विचार राख्न नदिने भन्ने होइन । नागरिकले आफ्नो विचार राख्न, दलमा आबद्ध हुन र राष्ट्रिय राजनीतिमा भाग लिन पाउँछन् । तर, स्थानीय निर्वाचनमा दलको आधिकारिक चुनाव चिह्न र दलीय उम्मेदवारीको सट्टा उम्मेदवार आफ्नै योग्यता र एजेन्डाका आधारमा जनतामाझ जानुपर्छ । कतिपयले यस प्रस्तावलाई पञ्चायतको पुनरावृत्तिको आशंकाले पनि हेर्ने गरेका छन् तर यो पञ्चायतकालीन निर्दलीय व्यवस्थाभन्दा बिल्कुल फरक प्रस्ताव हो । पञ्चायतले राजनीतिक दललाई नै प्रतिबन्ध लगाएको थियो । अहिलेको प्रस्तावले दललाई निषेध गर्दैन, स्थानीय निर्वाचनमा मात्र दलीय चुनाव चिह्न र आधिकारिक उम्मेदवारी हटाउन खोजेको हो । गैरदलीय निर्वाचन हुँदैमा धनबल, बाहुबल र व्यक्तिगत प्रभाव हटिहाल्छ भन्ने पनि छैन । त्यसैले उम्मेदवारले गर्ने खर्च पारदर्शी बनाउनुपर्छ । उनीहरूलाई सार्वजनिक बहसमा सहभागी गराउने, आफ्नो योजना र प्रतिबद्धता सार्वजनिक गर्न लगाउने तथा निर्वाचित भएपछि कामको नियमित मूल्यांकन गर्ने व्यवस्था पनि चाहिन्छ ।

पछिल्लो समय पुराना दलको विकल्पमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछानेको औंठाछापसहितको करारपत्रमा उल्लेख गरेको गैरदलीय स्थानीय तहको निर्वाचनको प्रस्तावबाट पछि हटेको छ र 'क्यान्डिडेट क्लब'मार्फत पार्टीका उम्मेदवार हरूको छनोट प्रक्रिया अघि बढाइरहेको छ । नयाँ भनिएका दलले पनि पुरानै अभ्यास दोहोऱ्याउने हो भने परिवर्तनको दाबीको अर्थ रहँदैन । जनताप्रति जवाफदेही हुन नसक्ने राजनीति अन्ततः पुरानै घनचक्करमा फस्छ ।

स्थानीय सरकारलाई प्रदेशसँग संस्थागत रूपमा जोड्ने

नेपालको संघीय संरचनामा देखिएको अर्को ठूलो समस्या प्रदेश र स्थानीय तहबीचको कमजोर संस्थागत सम्बन्ध हो । संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । तीनै तहका अधिकार र जिम्मेवारी पनि निर्धारण गरेको छ । संविधानको धारा २३२ ले यी तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने स्पष्ट व्यवस्था गरेको छ । तर, व्यवहारमा प्रदेश र स्थानीय तहबीच अपेक्षित सम्बन्ध स्थापित हुन सकेको छैन । स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संघीय सरकारबाट खटाउने अभ्यास छ । स्थानीय प्रशासनको व्यवस्थापनमा संघको प्रभाव बढी छ । अर्कोतर्फ प्रदेशले स्थानीय तहको विकास, प्रशासन र सेवा प्रवाहमा प्रभावकारी समन्वयकारी भूमिका निर्वाह गर्न सकेको छैन ।

यसले दुईवटा समस्या सिर्जना गरेको छ । पहिलो, संघीय सरकारको प्रशासनिक केन्द्रीकरण कायम रहेको छ । दोस्रो, प्रदेश सरकार आफ्नो क्षेत्रभित्रका स्थानीय तहसँग पर्याप्त रूपमा जोडिन सकेको छैन । यसलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ । स्थानीय तहका दुई कार्यकालको अनुभवले निर्वाचन र शासन सञ्चालन दुवैमा सुधार आवश्यक भएको देखाएको छ । गैरदलीय स्थानीय निर्वाचन, स्थानीय सरकारलाई प्रदेशसँग संस्थागत रूपमा जोड्ने व्यवस्था, शक्तिशाली जनलोकपाल, विदेशमा रहेका नेपालीको मतदान अधिकार र अन्तरजिल्ला मतदान यसका प्रमुख प्रस्ताव हुन् । स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो । त्यसैले स्थानीय आवश्यकताअनुसार निर्णय गर्ने र सेवा प्रवाह गर्ने अधिकार स्थानीय तहमा रहनुपर्छ । तर विकास योजना, स्रोतको उपयोग र सेवा प्रवाहमा प्रदेशसँग नियमित समन्वय र सहकार्य पनि आवश्यक हुन्छ । यसका लागि स्थानीय सरकारलाई प्रदेशसँग संस्थागत रूपमा जोड्ने व्यवस्था गर्नुपर्छ । प्रदेशले स्थानीय तहको योजना निर्माण, बजेट व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा आवश्यक सहयोग र समन्वय गर्नुपर्छ । स्थानीय तहको कामको नियमित समीक्षा, अनुगमन र मूल्यांकन गर्ने संयन्त्र पनि बनाउनुपर्छ । यसले स्थानीय तहको काममा दोहोरोपन घटाउने, स्रोतको उचित उपयोग गर्ने र विकासका कामलाई प्रदेशस्तरको योजनासँग जोड्ने अवसर दिन्छ ।

यसका लागि नेपालको वर्तमान संवैधानिक र कानुनी व्यवस्थाको समीक्षा गरी आवश्यक सुधार गर्नुपर्छ । संघीयताको मर्मअनुसार स्थानीय स्वायत्तता कायम राख्दै प्रदेश र स्थानीय सरकारबीच बलियो संस्थागत सम्बन्ध विकास गर्नु आवश्यक छ ।

शक्तिशाली जनलोकपाल : जनप्रतिनिधिको काममाथि नागरिक निगरानी

चुनाव जितेर पदमा पुग्नु मात्रै लोकतन्त्र होइन । जनप्रतिनिधिले जनताको पक्षमा काम गरे कि गरेनन् भन्ने कुराको निगरानी पनि हुनुपर्छ । स्थानीय तहमा बजेटको दुरुपयोग, भ्रष्टाचार, अनियमितता र निर्णय प्रक्रियामा हुने अपारदर्शितालाई रोक्न स्वतन्त्र र शक्तिशाली जनलोकपाल बनाउनुपर्छ । जनलोकपालले नागरिकका उजुरी सुन्ने, सार्वजनिक पदाधिकारीको काममाथि छानबिन गर्ने र कानुनअनुसार कारबाहीका लागि प्रक्रिया अघि बढाउने अधिकार पाउनुपर्छ । यसको नियुक्ति निष्पक्ष हुनुपर्छ । सरकारले आफ्नो स्वार्थअनुसार चलाउन नसक्ने गरी यसको कार्यकाल र आर्थिक तथा प्रशासनिक स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ । तर, जनलोकपाल आफैं अनियन्त्रित संस्था बन्नु हुँदैन । निगरानी गर्ने संस्था पनि कानुन र जनताप्रति जवाफदेही हुनुपर्छ ।

विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार

वैदेशिक रोजगारी, अध्ययन र व्यवसायका कारण लाखौं नेपाली युवा देशबाहिर छन् । उनीहरूले देशको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएका छन् । तर, विदेशमा भएकै कारण निर्वाचनमा मतदान गर्न पाउँदैनन् । यसरी जनसंख्याको ठूलो हिस्सा मतदानबाट वञ्चित गराएर साँचो अर्थमा सहभागितामूलक लोकतन्त्रको अभ्यास हुन सक्दैन ।

यसका लागि नेपाली दूतावास तथा कूटनीतिक नियोगमार्फत मतदान, हुलाकबाट मत पठाउने वा आवश्यक सुरक्षा व्यवस्था मिलाएर विद्युतीय मतदान गर्ने विकल्पमा काम गर्न सकिन्छ । मतदाताको पहिचान, मतको गोपनीयता र निष्पक्षता सुनिश्चित गर्नु भने अनिवार्य छ ।

यस विषयमा सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीलाई मतदानको व्यवस्था गर्न सरकारलाई निर्देशनात्मक आदेश दिएको थियो । तर, त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अब सरकारले आवश्यक कानुनी र प्राविधिक तयारी गरेर चरणबद्ध रूपमा यो व्यवस्था लागू गर्नुपर्छ । विदेशमा रहेका नेपालीलाई पनि मतदान गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

क्रिकेटमा...

नेपाल पुलिस क्लबसँग ३-० ले पराजित भएको थियो ।

गण्डकीको जितमा आशिष गुरुङले दुई तथा लछु थापा, सुदीप गुरुङ र टेकराज गुरुङले समान एक गोल गरे । खेलको १६औं मिनेटमा लछुले गोल गर्दै गण्डकीलाई अग्रता दिलाएका थिए । आशिषले २५औं र ३३औं मिनेटमा गोल थपेपछि पहिलो हाफमै गण्डकी ३-० ले अघि रह्यो । दोस्रो हाफको ५७औं मिनेटमा सुदीप र अतिरिक्त समयको चौथो मिनेटमा टेकराजले गोल गर्दै जित सुनिश्चित गरे ।

क्रिकेटमा कर्णालीको पहिलो जित

अन्य खेलमा निराशाजनक नतिजा भोगिरहेको कर्णालीले पुरुष क्रिकेटमा भने सुखद सुरुवात गरेको छ । कालुञ्चोक क्रिकेट मैदानमा बिहीबार भएको खेलमा कर्णालीले सुदूरपश्चिम प्रदेशलाई ६ विकेटले पराजित गरेको हो ।

सुदूरपश्चिमले दिएको १२८ रनको लक्ष्य कर्णालीले १३ ओभर तीन बलमा चार विकेट गुमाएर पूरा गऱ्यो । कर्णालीको जितमा विपिन रावलले ३५ बलमा ६० रनको आक्रामक पारी खेले । दिनेश अधिकारीले १५ तथा मनिष थापा र कप्तान रविन्द्रजंग शाहीले समान १३ रन बनाए ।

यसअघि टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा आठ विकेट गुमाउँदै १२७ रन बनाएको थियो । उसका लागि अभिषेक पालले २८ र दीपक बोहराले १८ रन जोडे । कर्णालीका दिवान पुन, राजकुमार साह र दिनेश अधिकारीले समान दुई विकेट लिए ।

महिला क्रिकेटमा लुम्बिनी बाहिरियो, बागमती अन्तिम चारमा

महिला क्रिकेटमा मधेश प्रदेशले लुम्बिनी प्रदेशलाई पाँच विकेटले पराजित गरेको छ । बिहीबार वीरेन्द्रनगर क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनीले दिएको ८० रनको लक्ष्य मधेशले १२ ओभर चार बलमा पाँच विकेट गुमाएर पूरा गऱ्यो ।

लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ७९ रन बनाएको थियो । उसका लागि ऋतु रावलले अविजित ४१ र सीमा थापाले १० रन बनाइन् । मधेशकी सुस्मिता यादवले चार तथा रोजी कडारीले दुई विकेट लिइन् ।

जवाफी ब्याटिङमा मधेशकी एलिषा यादवले ३६ बलमा ४२ रन बनाउँदै जितको आधार तयार गरिन् । कप्तान पूजा महतोले १५ रनको योगदान दिइन् । मधेशकी सुस्मिता यादव प्लेयर अफ द म्याच घोषित भइन् । लगातार दुई खेलमा पराजित भएपछि लुम्बिनी समूह चरणबाटै बाहिरिएको छ ।

यस्तै महिला क्रिकेटकै अर्को खेलमा गण्डकी प्रदेशलाई पराजित गर्दै बागमती प्रदेश सेमिफाइनलमा प्रवेश गरेको छ । गण्डकीले दिएको १११ रनको लक्ष्य बागमतीले १७ ओभर पाँच बलमा दुई विकेट गुमाएर पूरा गऱ्यो । बागमतीकी विपिशा शाहीले अविजित ५० रन बनाइन् भने हिलिशा गुरुङले २७ रन जोडिन् । यसअघि ब्याटिङ गरेको गण्डकीले सबै विकेट गुमाएर ११० रन बनाएको थियो ।

फुटबलमा एपीएफको जित, मधेश दबाबमा

पुरुष फुटबलतर्फ बिहीबार भएको अर्को खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले मधेश प्रदेशलाई ३-१ गोलअन्तरले पराजित गरेको छ । एपीएफका युवराज खड्काले ३०औं, समुन श्रेष्ठले पहिलो हाफको अतिरिक्त समय र डिसन राईले दोस्रो हाफको अतिरिक्त समयको ९८औं मिनेटमा गोल गरे । मधेशका दीपेन्द्र विकले ९२औं मिनेटमा एक गोल फर्काए ।

खेलको ६७औं मिनेटमा मधेशका गोलरक्षक युनिस चौधरीले डी एरियाबाहिर हातले बल छोएपछि रातो कार्ड पाए । त्यसपछि मधेश १० खेलाडीमा सीमित भएको थियो । दुई खेल खेलेको मधेशले एक जित र एक हार बेहोरेको छ ।

जिम्न्यास्टिकमा ९० खेलाडीको प्रतिस्पर्धा

प्रतियोगिताअन्तर्गत जिम्न्यास्टिकका प्रारम्भिक चरणका खेल पनि बिहीबारदेखि सुरु भएका छन् । वीरेन्द्रनगरस्थित मिनी कभर्ड हलमा सुरु भएको प्रतिस्पर्धामा महिलातर्फ ४२ र पुरुषतर्फ ४८ गरी ९० खेलाडी सहभागी छन् ।

मुख्य प्रशिक्षक सुदेशसागर जोशीका अनुसार प्रतियोगिता तीन चरणमा सञ्चालन हुनेछ । पहिलो चरणमा कम्पिटिसन-१, दोस्रोमा कम्पिटिसन-२ (अलराउन्ड) र अन्तिममा कम्पिटिसन-३ (एपरेटस फाइनल) का खेल हुनेछन् । प्रतियोगितामा प्रदेशका टोलीसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाका खेलाडी सहभागी छन् । कर्णालीका तर्फबाट भने एक जना पुरुष खेलाडीले मात्रै व्यक्तिगत विधामा प्रतिस्पर्धा गरिरहेका छन् ।

महिला बास्केटबलमा १६ टोली क्वार्टरफाइनलमा

महिला बास्केटबलतर्फ दुई विधाका गरी १६ टोली क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । फूल कोर्ट (५×५) र (३×३) विधाबाट आठ-आठ टोली अन्तिम आठमा पुगेका हुन् । दुवै विधामा गरी चार टोली प्रतियोगिताबाट बाहिरिएका छन् ।

फूल कोर्टतर्फ एपीएफ, गण्डकी, सुदूरपश्चिम, लुम्बिनी, कोशी, बागमती, नेपाल पुलिस र नेपाल आर्मी क्वार्टरफाइनलमा पुगेका छन् । यस विधामा कर्णाली र मधेश बाहिरिएका छन् । त्यस्तै, ३×३ विधातर्फ नेपाल आर्मी, गण्डकी, बागमती, लुम्बिनी, सुदूरपश्चिम, एपीएफ, नेपाल पुलिस र कर्णाली अन्तिम आठमा पुगेका छन् । यस विधामा कोशी र मधेश बाहिरिएका छन् ।

बिहीबारको खेलमा फूल कोर्टतर्फ एपीएफले कर्णालीलाई ६७-१९, बागमतीले मधेशलाई ४३-५, गण्डकीले कोशीलाई ३३-७ र नेपाल आर्मीले लुम्बिनीलाई ८०-२ अंकले पराजित गरे । ३×३ विधामा एपीएफले कोशीलाई १२-५, कर्णालीले मधेशलाई १६-१, सुदूरपश्चिमले गण्डकीलाई ८-४ र नेपाल पुलिसले लुम्बिनीलाई ५-१ अंकले हराए । क्वार्टरफाइनलका खेल शुक्रबारदेखि सुरु हुनेछन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

करोडौँको होल्डिङ सेन्टर प्रयोग नगर्दा अलपत्र

काँक्रेविहार संवाददाता
बाँके, १० मंसिर



कोरोना महामारीका बेला सङ्क्रमितको व्यवस्थापन र उपचारका लागि नेपालगन्जमा करोडौँ रुपियाँ खर्च गरेर निर्माण गरिएको होल्डिङ सेन्टर प्रयोगविहीन हुँदा जिर्ण हुँदै गएको छ।

महामारीको सङ्कट व्यवस्थापन गर्न निर्माण गरिएका संरचनाको भविष्यबारे सङ्घीय सरकारले समयमै निर्णय नगर्दा २ ९ करोड ३८ लाख रुपियाँको सार्वजनिक लगानी खेर जाने अवस्थामा पुगेको हो। नेपालगन्ज उपमहानगरपालिका-१४ मा निर्माण गरिएको एक हजार क्षमताको होल्डिङ सेन्टर लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहँदा त्यहाँ रहेका ६० वटा भवन जीर्ण बन्दै गएका छन्। महामारीका बेला सङ्क्रमितलाई सुरक्षित रूपमा राख्न र उपचार व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले निर्माण गरिएको सो संरचना अहिले उचित उपयोग र व्यवस्थापनको पर्खाइमा छ।

नेपालगन्ज उपमहानगरपालिकाले उपलब्ध गराएको चार बिघा १३ धुर सरकारी जग्गामा निर्माण गरिएको होल्डिङ सेन्टरमा आइसोलेसन कक्ष, शौचालय, भण्डार, भान्सा, भोजन कक्षलगायतका आवश्यक संरचना बनाइएका थिए। महामारीको उच्च जोखिमका बेला ठुलो संख्यामा सङ्क्रमितको व्यवस्थापन गर्न सकिने गरी निर्माण गरिएको होल्डिङ सेन्टर प्रयोगमा ल्याउनु अघि नै कोरोना सङ्क्रमण नियन्त्रणमा आएको थियो।

नागरिक समुदायका अगुवाहरुले सो बारेमा गम्भीर चिन्ता व्यक्त गर्दै सङ्घीय सरकार मातहतका यी भौतिक संरचनालाई तत्काल प्रयोगमा ल्याउनुपर्ने माग गरेका छन्।

अभावमा चल्दै सामुदायिक विद्यालय

काँक्रेविहार संवाददाता
सुर्खेत, १० मंसिर



सुर्खेतको लेकबँसी नगरपालिका-६ स्थित सरस्वती माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिका जीर्ण भवन र अपर्याप्त कक्षाकोठाका कारण समस्या झेल्न बाध्य छन्।

बालशिक्षादेखि कक्षा १२ सम्म पढाइ हुने विद्यालयमा करिब पाँच सय विद्यार्थी अध्ययनरत रहे पनि पर्याप्त शिक्षक र भौतिक पूर्वाधार नहुँदा पठनपाठन प्रभावित हुँदै गएको छ। कर्णालीमा अन्य सामुदायिक विद्यालयको अवस्था पनि उस्तै छ।

विद्ययालमा शिशुकक्षा र कक्षा १, २, ३ का बालबालिका चिसोमा प्रायः खुला चौरमा बसेर पढ्छन्। यस्तै विद्यालयले बर्सौंदेखि शिक्षक अभाव बेहोर्दै आएको छ। भौतिक पूर्वाधारको पनि उस्तै अवस्था छ। पर्याप्त कक्षाकोठा, सिकाइ सामग्री र खेल मैदान जस्ता शैक्षिक पूर्वाधार छैनन्। दरबन्दी अनुसारको जनशक्ति नहुँदा पठनपाठनमा निकै समस्या भएको छ। माध्यमिक तहसम्म पढाइ सञ्चालन भइरहेको विद्यालयमा स्थायी दरबन्दी अनुरूपका शिक्षक छैनन्।

विद्यालय वि.सं २०३० मा स्थापना भएको हो। २०५७ सालदेखि कक्षा थप गरेर निम्नमाध्यमिक तह सञ्चालन गरिएको थियो। २०६७ मा कक्षा वृद्धि गरेर माध्यमिक तह सञ्चालन गरिएको सहप्रधानाध्यापक पार्वती पोखरेलले बताए। माध्यमिक तहमा दरबन्दी अनुसारका शिक्षक नहुँदा समस्या भएको उनले जानकारी दिए। लेकबँसी नगरपालिकाका अन्य कैयौँ विद्यालयको हालत पनि यस्तै छ।

शिक्षक र शैक्षिक वातावरणको अभावमा सिकाइ उपलब्धिसमेत अपेक्षित हुन नसकेको शिक्षक बताउँछन्। कतिपय विद्यालयमा शिक्षक र विद्यार्थीको नियमितता समेत छैन। विद्यालयमा अपाङ्गमैत्री संरचना छैनन्, सबै जसो विद्यालयमा खानेपानी, शौचालय जस्ता आधारभूत पूर्वाधार कमी छ।

नगरपालिकाले भने शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन गर्ने योजनालाई प्राथमिकतामा राखेको जनाएको छ। पालिकामा रहेका विद्यालयमा शिक्षक र भौतिक संरचना नभएको गुनासो बढ्न थालेपछि सुधारका लागि अहिले अनुगमन थालिएको नगरप्रमुख उमेशकुमार पौडेलले बताए।

नगरपालिकाका शिक्षा शाखा प्रमुख पहलमान अधिकारीले विद्यालयको समग्र सुधारका लागि अनुगमन भएको र सोही अध्ययनका आधारमा व्यवस्थापन गर्ने तयारी भइरहेको जानकारी दिए। उनले नगरपालिकामा शैक्षिक उपलब्धि हासिल गर्नका लागि काम गर्ने भन्दै दरबन्दी मिलान, विद्यालय समायोजन र तह घटुवा गर्ने गरी विभिन्न काम भइरहेको बताए।

नगरप्रमुख उमेशकुमार पौडेलका अनुसार खस्कँदो शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न योजना निर्माण गरिएको छ। उनका अनुसार सामुदायिक विद्यालयको सिकाइ गुणस्तर वृद्धिका लागि तालिम, विद्यालयमा डिजिटल सिकाइको वातावरण निर्माण गरिएको छ।

विभिन्न अध्ययनले अन्य प्रदेशको तुलनामा यहाँको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धिसमेत कमजोर भएको देखाएको छ। सार्वजनिक शिक्षामा आवश्यक लगानीसमेत हुन नसकेको मध्यपश्चिम विश्वविद्यालयका सहप्रध्यापक ललितजङ्ग शाहीले बताए। शिक्षक मासिकका सम्पादक राजेन्द्र दाहालले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिए विद्यालय नै रित्तो हुने अवस्थामा रहेको बताए। विद्यार्थी र अभिभावकको रोजाइ निजी विद्यालयतिर रहेको भन्दै उनले सरकारले सामुदायिक विद्यालय सुधारको पहल नगरे थप समस्या हुने जानकारी दिए।

मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर कानुनमन्त्री गौतम सातौंबाट तेस्रोमा

काँक्रेविहार संवाददाता
काठमाडौं, १० मंसिर

मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर भएको छ। प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर गरेका हुन्।

नयाँ मर्यादाक्रमअनुसार प्रधानमन्त्रीपछिको वरियतामा अर्थमन्त्री स्वर्णिम वाग्ले छन्। यसअघि सातौं स्थानमा रहेकी कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमलाई तेस्रो वरियतामा ल्याइएको छ।

यसअघि तेस्रो वरियतामा रहेका परराष्ट्रमन्त्री शिशिर खनाल चौथोमा झरेका छन्।

पाँचौंमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराज भक्त श्रेष्ठ, छैटौंमा गृहमन्त्री सुधन गुरुङ, सातौंमा पूर्वाधार विकास मन्त्री सुनिल लम्साल छन्।

यसअघि मन्त्री श्रेष्ठ चौथो, गुरुङ पाँचौं र लम्साल छैटौं वरियतामा थिए।

जनकपुरधाम-अयोध्या रेल
शनिबारदेखि व्यावसायिक रूपमा सञ्चालन हुने, टिकट बुकिङ खुला

काँक्रेविहार संवाददाता
जनकपुर, १० मंसिर

जनकपुरधाम- सीताको नगरी जनकपुरधामदेखि भगवान रामको जन्मस्थल अयोध्यासम्म सञ्चालन हुने 'सरयू-कमला एक्सप्रेस' रेल शनिबारदेखि व्यावसायिक रूपमा चल्ने भएको छ।

नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत सोमबार संयुक्त रूपमा भर्चुअल माध्यम (भिडियो कन्फ्रेन्स) बाट हरियो झण्डा देखाएर शुभारम्भ गरेको उक्त रेल शनिबारदेखि नियमित व्यावसायिक सेवामा आउन लागेको हो।

भारतीय रेल्वेले जनकपुरधाम-अयोध्या यात्राका लागि टिकट बुकिङ खुला गरिसकेको छ। साप्ताहिक रूपमा चल्ने यो रेल हरेक शनिबार जनकपुरधामबाट अयोध्याका लागि प्रस्थान गर्नेछ भने सोमबार अयोध्याबाट जनकपुरधाम फर्किनेछ।

भारतीय रेल्वेले विभिन्न श्रेणीअनुसार भाडादर निर्धारण गरेको छ। जसअनुसार शयनयान श्रेणी (स्लिपर) को ३६५ भारतीय रुपैयाँ, वातानुकूलित तृतीय इकोनोमी श्रेणीको ८८५ भारतीय रुपैयाँ, वातानुकूलित तृतीय श्रेणीको ९६५ भारतीय रुपैयाँ र वातानुकूलित द्वितीय श्रेणीको १ हजार ३६० भारतीय रुपैयाँ तोकिएको छ।

यता नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले बिहान ९ देखि १० बजेभित्र नेपाली रुपैयाँमा भाडादर सार्वजनिक गरिने जानकारी दिएका छन्।

यात्रुहरूले भारतीय रेल्वेको अनलाइन पोर्टल आईआरसीटीसीको वेबसाइट, मोबाइल एप वा सम्बन्धित रेल्वे स्टेसनमा पुगेर भौतिक रूपमै टिकट काट्न सक्नेछन्। भारतीय रेल्वेका अनुसार यस रेलमा नेपाली र भारतीय नागरिकले मात्र यात्रा गर्न पाउने व्यवस्था गरिएको छ।

कुल १७ वटा डिब्बा रहने यस साप्ताहिक एक्सप्रेस रेलमा शयनयान श्रेणीका ७ वटा, वातानुकूलित तृतीय इकोनोमी श्रेणीका ३ वटा, वातानुकूलित तृतीय श्रेणीका ३ वटा, वातानुकूलित द्वितीय श्रेणीका २ वटा र एसएलआरका २ वटा डिब्बा जडान गरिएका छन्।

वर्षैसम्म सडक कालोपत्रेको काम शून्य

काँक्रेविहार संवाददाता
बाजुरा, १० मंसिर



बाजुराका नौ वटै पालिकाका अधिकांश गाउँबस्तीको जीवन ग्रामीण सडकको भरमा मात्रै चलेको छ।

स्थानीय सरकार गठन भएको १० वर्षसम्म कुनै पनि पालिकाले ग्रामीण क्षेत्रमा कालोपत्रे सडक निर्माण गर्न सकेका छैनन्। कच्ची रूपमा निर्माण गरेको सडकले यहाँका नागरिकलाई हिउँदका केही महिना यातायातको सुविधा दिने गरेको भए पनि बर्खाका समय भने ती सडकले नै स्थानीयलाई निकै सास्ती दिने गरेको छ। बर्खाका समय थोरै पानी परे पनि ती सडक भत्किने र बिग्रिँदै जाने गरेकाले यहाँका नागरिकलाई आउजाउमा निकै सास्ती हुने गरेको छ।

गाउँमा पुगेका कच्ची सडकलाई पक्की बनाउन अहिले यहाँका स्थानीयले पहल गर्दै आएको भए पनि यता स्थानीय सरकारले भने कालोपत्रेका लागि आफूसँग ठुलो बजेट नभएको बताएका छन्।

खप्तडछेडेदह गाउँपालिका-१, काँडाका स्थानीय रामबहादुर रोकायाले, ग्रामीण सडक कालोपत्रे नहुँदा बर्खाको समय गाउँदेखि बजार र बजारदेखि गाउँसम्म आउजाउमा निकै समस्या हुने गरेको बताए। उनले भने, "गाउँमा पुगेका सडकमा दुई/तीन महिना गाडी चल्ने र त्यसपछि थोरै पानी पर्नासाथ सडक अवरुद्ध हुने गरेपछि चल्न पनि बन्द हुने गर्छन्। सडक अवरुद्ध भएपछि हामीलाई फेरि उही पुरानो अवस्था आउँछ। पिठिउँमा तरकारी बोकेर बजारमा बिक्री गर्नु परेको छ।" गाउँमा सडक पुगे पनि कालोपत्रे नहुँदा यहाँका दुर्गम गाउँबस्तीमा समस्या भएको छ।

जिल्लाको पुर्वीउत्तर क्षेत्रमा रहेको हिमाली गाउँपालिकाका र तल्लो क्षेत्रमा रहेको त्रिवेणी नगरपालिकाका एक/दुई वडाका गाउँबस्तीबाहेक अन्य सबै गाउँबस्ती अहिले सडकको पहुँचमा रहँदै आएका छन्। सडक नपुगेका पालिकाका गाउँबस्तीमा अहिले ग्रामीण सडक छिचोल्ने काम धमाधम भइरहेको छ।

अपाङ्गता नीति बनाउने प्रदेश सरकारको तयारी

काँक्रेविहार संवाददाता
सुर्खेत, १० मंसिर

कर्णाली प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा र पहुँच सुनिश्चित गर्न प्रदेशस्तरीय अपाङ्गता नीति निर्माणको तयारी अघि बढाएको छ। सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले लामो समयदेखि नीतिनिर्माणका लागि पहल भइरहेको र त्यसले छिट्टै सार्थकता पाउने बताइन्। राष्ट्रिय अपाङ्ग महासङ्घ कर्णाली प्रदेशले बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको अपाङ्गता समावेशी विकास (डिड) सम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले अपाङ्गता भएका व्यक्तिका समस्या, संवेदनशीलता र आवश्यकतालाई प्राथमिकतामा राखेर नीति निर्माण गरिने बताइन्। उनका अनुसार अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य सेवा लिन सहज बनाउन प्रदेश सरकारले कर्णाली प्रदेश अस्पतालमा दोभाषेको व्यवस्था गर्ने प्रक्रिया पनि अघि बढाएको छ। दुर्घटना तथा विपद्का कारण अपाङ्गताको दर बढ्दै गएको उल्लेख गर्दै उनले अपाङ्गता भएका व्यक्तिको आवश्यकतालाई बुझेर नीति तथा कार्यक्रम बनाउनुपर्नेमा जोड दिए।

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा विगतको तुलनामा केही सुधार भए पनि अपेक्षित काम हुन नसकेको बताए। उनले यस क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन नसकेको उल्लेख गर्दै सडक तथा अन्य भौतिक पूर्वाधारलाई अपाङ्गतामैत्री बनाउन सके धेरै समस्या समाधान हुने धारणा राखे।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

देउवा कांग्रेसको कर्णाली प्रदेश अधिवेशनमा दुई हजार बढी सहभागी हुने

काँक्रेविहार संवाददाता
सुर्खेत, १० मंसिर

शेरबहादुर देउवा पक्षको नेपाली काँग्रेसको नियमित महाधिवेशनअन्तर्गत कर्णाली प्रदेशको अधिवेशन मंसिर १३ र १४ गते तोकिएको छ। १५ औं महाधिवेशन अन्तर्गत कर्णाली प्रदेशको दोस्रो अधिवेशन हुन लागेको हो। अधिवेशनका लागि सबै तयारी पूरा भएको प्रदेश संयोजक रंगमति शाहीले जानकारी दिईन्।

बिहीबार वीरेन्द्रनगरमा पत्रकार सम्मेलन गर्दै शाहीले



अधिवेशनमा प्रदेशभरका दुई हजार बढी नेता तथा कार्यकर्ताको सहभागिता रहने जानकारी दिईन्। उनका अनुसार १ हजार २ सय जना महाधिवेशन प्रतिनिधि नै रहेका छन्। दुई दिनसम्म सञ्चालन हुने अधिवेशनको सभापति शेरबहादुर देउवाले उद्घाटन गर्नेछन्। शशांक कोइराला, प्रकाशमान सिंह लगायतका नेताहरु विशेष अतिथिका रुपमा सहभागी हुने उनले जानकारी दिईन्। वीरेन्द्रनगरको सिटी हलमा हुने अधिवेशनमा सहभागी हुन देउवालगायत नेताहरु १२ गते नै सुर्खेत आउनेछन्। १३ गते उद्घाटन सत्र र १४ गते बन्द सत्र हुनेछ।

देउवा काग्रेसले कर्णाली प्रदेशका ८ वटा जिल्ला अधिवेशन गरिसकेको छ। बाँकी रहेका सुर्खेत र डोल्पामा भने शुक्रबार जिल्ला अधिवेशन हुनेछन्।

प्रधानमन्त्री बालेन र सभापति रविबीच पाँच घण्टा वार्ता

काँक्रेविहार संवाददाता
काठमाडौं, १० मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाहबीच पाँच घण्टा लामो भेटवार्ता भएको छ।

सभापति लामिछानेको बुढानीलकण्ठस्थित निवासमा बिहीवार भएको भेटमा प्रधानमन्त्री शाहको हालै सम्पन्न भारत भ्रमण, त्यसबाट प्राप्त उपलब्धि, आगामी निर्वाचनको तयारी र



सरकारका कामकारबाहीबारे छलफल भएको हो।

रास्वपाका अनुसार भेटमा प्रधानमन्त्री शाहले आफ्नो भारत भ्रमण र त्यस क्रममा भएका छलफल तथा उपलब्धिबारे सभापति लामिछानेलाई जानकारी गराएका थिए। त्यस्तै, आगामी निर्वाचन र त्यसको तयारी, पार्टीले सञ्चालन गर्न लागेको प्रशिक्षण अभियान तथा मन्त्री र मन्त्रालयहरूको कार्यसम्पादनका विषयमा पनि दुई नेताबीच कुराकानी भएको छ।

भेटमा सरकारले ल्याउन लागेको अध्यादेश र आगामी संसद् अधिवेशनका विषयमा समेत छलफल भएको रास्वपाले जनाएको छ।

पार्टीले भेटवार्तालाई आत्मीय र सौहार्द्रपूर्ण भनेको छ।

आन्तरिक पर्यटकको रोजाइमा पर्दै गुठीचौर

काँक्रेविहार संवाददाता
जुम्ला, १० मंसिर

गुठीचौर गाउँपालिका-२ मा रहेको गुठीचौर पछिल्लो समयमा आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास भएको छ।

पर्यटकीय सम्भावना बोकेको गुठीचौर आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्दै गएको वडाध्यक्ष दीपबहादुर ऐडीले जानकारी दिए। हिउँदमा यहाँ चिसो भए पनि गुठीचौर अवलोकन गर्ने आन्तरिक तथा बाह्य पर्यटन आउने गरेका छन्। विशेषरी सार्वजनिक बिदामा आन्तरिक पर्यटनको चाप बढ्ने गरेको स्थानीयले जानकारी दिएका छन्।

स्थानीय वातावरणसँग रमाउने र मनोरम दृश्यावलोकनका लागि पर्यटन



आकर्षित भएको वडाध्यक्ष ऐडीको भनाइ छ। स्थानीय सरकारले यसको प्रचारप्रसार गर्ने, पर्यटकीय गतिविधि सञ्चालन, पर्यटन प्रवर्द्धनलगायत गतिविधिलाई महत्त्व दिएको स्थानीय दीपक बोहोराले बताए।

सदरमुकाम खलङ्गाबाट त्यहाँसम्म पुग्नका लागि सडक विस्तार भएको छ। यसलाई थप स्तर वृद्धि गर्दै जाने योजना रहेको गुठीचौर गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले जानकारी दिए।

पर्यटकीय गतिविधि बढेपछि व्यापार-व्यवसायमा वृद्धि भएको तथा स्थानीयस्तरमा आर्थिक उन्नयन भएको छ। स्थानीयस्तरमा रोजगारी सिर्जना तथा आर्थिक गतिविधि बढ्दै जाँदा सकारात्मक सन्देश प्रवाह भएको छ।

बेपत्ता तीन हजार ९१५ जनालाई मृत घोषणा गर्न सिफारिस

काँक्रेविहार संवाददाता
काठमाडौं, १० मंसिर

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले रसुवा भोटेकोशी बाढीमा बेपत्ता तीन हजार ९१५ जना व्यक्तिलाई मृत्युको घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिस गरेको छ। गृहमन्त्री सुधन गुरुङको अध्यक्षतामा बिहीवार सम्पन्न समितिको ३८ औं बैठकले ४८ जिल्लाबाट यकिन भइ आएका तीन हजार २ ९२ जना स्वदेशी तथा १९ विदेशी नियोगबाट यकिन भइ आएका ६२३ जना विदेशी गरी कुल तीन हजार ९१५ जनालाई मृत्युको घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिस गरेको हो।

विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ को दफा २ को उपदफा (३) मा विपद्मा परी बेपत्ता भएका व्यक्तिलाई नेपाल सरकारले मृत्युको घोषणा गर्न सक्ने प्रावधान छ।

यसअघि, स्वदेशी व्यक्तिका हकमा सम्बन्धित स्थानीय तहबाट भएको सिफारिसका आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित तथा विदेशी नागरिकको हकमा सम्बन्धित मुलुकको नेपालस्थित नियोग वा नेपाल हेर्ने गरी तोकिएको नियोगबाट प्राप्त सूची उपर दाबी पेस गर्न दुई चरणमा प्राधिकरणले सात दिने सूचना प्रकाशन गरेको थियो।

स्वास्थ्य बीमा ऐन संशोधन विधेयक संसदमा दर्ता गर्ने तयारी

काँक्रेविहार संवाददाता
काठमाडौं, १७ साउन

राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित, प्रभावकारी र वित्तीय रूपमा दिगो बनाउने उद्देश्यसहित स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्य बीमा ऐन संशोधनको प्रक्रिया अघि बढाएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहतालेबिहीवार मन्त्रालयमा स्वास्थ्य बीमा बोर्ड, सामाजिक सुरक्षा कोष तथा सम्बन्धित निकायका प्रतिनिधिसँग सो विधेयकका बारेमा छलफल गरेकी हुन्। मन्त्रालयले आवश्यक छलफल तथा गृहकार्यपछि स्वास्थ्य बीमा ऐन संशोधनसम्बन्धी विधेयक तयार पारेर कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइसकेको छ। आवश्यक कानुनी प्रक्रिया पूरा गरी विधेयकलाई छिट्टै सङ्घीय संसद्मा दर्ता गर्ने तयारी भइरहेको स्वास्थ्य मन्त्रीको सचिवालयले जनाएको छ।



प्रस्तावित संशोधन विधेयकमा स्वास्थ्य बीमा कार्यक्रमको योगदान सङ्कलन र सेवा भुक्तानी प्रणालीलाई व्यवस्थित बनाउने, सरकारी तथा निजीक्षेत्रका कर्मचारी, स्वरोजगार र अन्य नागरिकलाई बीमाको दायरामा समेट्ने तथा आर्थिक रूपमा योगदान गर्न नसक्ने नागरिकको स्वास्थ्य उपचारको जिम्मेवारी राज्यले लिने विषयलाई प्राथमिकतामा राखिएको छ।

स्वास्थ्य बीमा बोर्ड, सामाजिक सुरक्षा कोष र कर्मचारी सञ्चय कोषलगायतका निकायमार्फत उपलब्ध स्वास्थ्य उपचार सुविधाबीच समन्वय तथा एकीकरण गर्ने, बीमा सेवा प्रवाह सहज बनाउने, स्वास्थ्य संस्थाको दायरा विस्तार गर्ने तथा अनावश्यक परीक्षण र अनुचित दाबी नियन्त्रण गर्ने विषय पनि प्रस्तावित सुधारमा समेटिएका छन्। स्वास्थ्य बीमा कार्यक्रमलाई उपचार खर्चको व्यवस्थापनमा मात्रै सीमित नराखी प्रत्येक नागरिकको स्वास्थ्य सुरक्षासँग जोड्ने र आर्थिक अभावका कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपर्ने व्यवस्था सुनिश्चित गर्ने लक्ष्यसहित मन्त्रालयले कानुनी तथा नीतिगत सुधारको प्रक्रिया अघि बढाएको मन्त्री मेहतालेजानकारी दिइन्।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/११

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री निशा के.सी.** धनी रहेको, **दर्ता नम्बर** ९९३६/०७९/०८० बाट **बराहताल-७, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री निशा कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)